# रियल मेडिसिन फाउन्डेसनबाट निःशुल्क स्वास्थ्य शिविर

धुलिखेल । असार १६ गते रियल मेडिसिन फाउन्डेसन (आरएमएफ)को सहयोगमा काभ्रेको धुलिखेलमा निःशुल्क










स्वास्थ्य शिविर सम्पन्न भएको छ । निःशुल्क स्वास्थ्य शिविर कार्यक्रममा हेल्प नेपाल नेटवर्कको बालगृहका र अन्य गरी ८८ जनाको स्वास्थ्य परीक्षण तथा औषधि वितरण गरिएको थियो। स्वास्थ्य शिविरमा डा. नुनु महत तथा नेपाल स्वास्थ्य प्राविधिक संघ (पान)का स्वास्थ्यकर्मीहरूले स्वास्थ्य जाँच गर्नु भएको थियो भने दन्त चिकित्सक बलराम ढकालले दाँतको परीक्षण गर्नुका साथै मुख स्वास्थ्यबारे बालबालिकालाई परामर्शसमेत दिनुभयो । कार्यक्रमस्थलमै उहाँले बालबालिकाहरूलाई दाँत माझ्न सिकाउनु भएको थियो भने रियल मेडिसिन फाउण्डेसन (आर एमएफ) ले बालबालिकाहरूको लागि दन्त मन्जन र ब्रस समेत वितरण गरेका थियो ।

नेपाल स्वास्थ्य प्राविधिक संघ (पान) काभ्रेले व्यवस्थापन गरेको सो कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालय काभ्रेका प्रमुख डा. अर्जुनप्रसाद सापकोटा, पानका अध्यक्ष राजदास काफ्ले तथा हेल्प नेपालका पूर्णबहादुर कार्कीले शिविरबाट धेरै व्यक्ति लाभान्वित भएको र आगामी दिनमा समेत यस्ता मानवीय कार्यक्रम निरन्तरताको रहिरहोस् भन्नुभएको थियो । आर एमएफका कार्यक्रम व्यवस्थापक गणेश श्रेष्ठ तथा कार्यक्रम संयोजक प्रज्ञा गौतमले शिविरमा सहयोग गर्न पाउँदा खुशी लागेको बताउँदै आगामी दिनमा पनि मानवीय सेवामा संस्थाको सहयोग निरन्तर रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । यसअघि पनि उक्त संस्थाको काभ्रेको कोशीपारी साविकका साँदनकुडारी, गोठपानी, पोखरीचौरी, कोलाती, चित्तादेउराली, धुसेनी शिवालयलगायतका गाविसहरूमा निःशुल्क ह्विलचियर र स्थानीय स्वास्थ्य चौकीहरूमा मेडिकल उपकरणहरू वितरण गरेको थियो ।